# स्थानीय राजपत्र

गैडहवा गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः २ गैडहवा, साउन २६ गते, २०८० साल संख्याः १३**


भाग-२

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

## कार्यविधिको नामः दरबन्दी मिलान एवं प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः-** गैडहवा गाउँपालिका अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्ने प्रयोजनका लागि हाल कार्यरत प्रधानाध्यापक र शिक्षकहरूलाई जिम्मेवार बनाई जवाफदेहिता प्रवर्द्धन गर्न उनीहरूको जिम्मेवारीलाई हेरफेर गरी कार्यसम्पादनका आधारमा नियमानुसार प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन गर्न बाञ्छनीय भएकाले, गैडहवा शिक्षा ऐन, २०७५ परिच्छेद ५ को दफा २६ र २७ ले

दिएको अधिकार प्रयोग गरी गैडहवा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम "दरबन्दी मिलान एवम् प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "ऐन" भन्नाले गैडहवा गाउँपालिका शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्नेछ ।

(ख) "काज" भन्नाले हाल कार्यरत विद्यालयमा दरबन्दी राखी तलब भत्ता काजमा खटिएकै विद्यालयबाट खाने गरी कामकाज गर्न अर्को विद्यालयमा खटाउने भन्ने सम्झनु पर्नेछ ।

(ग) "कार्यपालिका" भन्नाले गैडहवा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(घ) "दरबन्दी मिलान" भन्नाले गाउँपालिकाको दरबन्दी मिलान एवं प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन कार्यविधि,२०८० एवम् शिक्षा तथा मानव स्रोत विकास

केन्द्रको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गरेको दरबन्दी मिलानलाई सम्झनु पर्नेछ।

(ङ) "गाउँपालिका" भन्नाले गैडहवा गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(च) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक नेतृत्व गर्न नियमअनुसार जिम्मेवारी पाएको शिक्षक सम्झनु पर्नेछ ।

(छ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयलाई सम्झनु पर्नेछ ।

(ज) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण गर्ने नियमानुसार नियुक्त भएका सबै तह र प्रकारका शिक्षकलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(झ) "शिक्षा समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२

## प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्थाः

३. **आधार र मापदण्ड लिइनेः** गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार कार्यको थालनी विभिन्न चरणगत रूपमा अघि बढेको सन्दर्भ एवम् वर्तमान परिप्रेक्ष्यमा शिक्षा ऐन, २०२८; शिक्षा नियमावली,२०५९; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; शिक्षक दरबन्दी

(मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ र गैडहवा गाउँपालिका शिक्षा ऐन, २०७५ मा भएका नीतिगत व्यवस्थाको पालना गर्दै प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ ।

४. **शिक्षक व्यवस्थापन/दरबन्दी मिलान अवधिः** प्रधानाध्यपक तथा शिक्षक व्यवस्थापन/दरबन्दी मिलानको कार्य आवश्यकता बमोजिम जुनसुकै बेला पनि गर्न सकिनेछ।

५. **शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था :**

(क) प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका शिक्षकहरूलाई विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनपाठनमा अवरोध सिर्जना नहुने गरी तहगत र विषयगत शिक्षक नखल्बल्याइ आवश्यकता अनुसार गाउँपालिकाले हेरफेर गरी विद्यालयमा जुन तहसम्म अध्यापन भइरहेको छ, त्यहि तहसम्मको कम्तीमा एक जना स्थायी शिक्षक रहने गरी व्यवस्थापन गर्नुपर्ने छ । यसरी शिक्षक हेरफेर गर्दा स्थायी, राहत करार गाउँपालिका अनुदान शिक्षण सहयोग अनुदानका शिक्षकहरूलाई समेत एक विद्यालयबाट अर्को विद्यालयमा व्यवस्थापन गरिने छ ।

(ख) शिक्षकहरुको सरुवा गर्दा आवश्यक प्रक्रिया पूरा गरी अन्तरपालिका र जिल्ला अन्तर सरुवा गर्न सकिनेछ।

६. **प्रधानाध्यपक सम्बन्धी व्यवस्थाः**

(१) दफा (५) बमोजिमको शिक्षक व्यवस्थापन पश्चात् सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको व्यवस्थापन देहाय बमोजिम गर्नुपर्ने छ ।

(क) माध्यमिक तह कक्षा (९-१० वा ९-१२) सम्म सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन कार्य गर्दा मौजुदा शिक्षकहरूमध्ये माध्यमिक तहको वरिष्ठतम स्थायी शिक्षकलाई व्यवस्थापन गर्नुपर्ने छ ।

(ख) आधारभूत तह (कक्षा १-८) सञ्चालनमा रहेका विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन कार्य गर्दा विद्यालयमा मौजुदा शिक्षकहरू मध्ये निम्न माध्यमिक तहको वरिष्ठतम स्थायी शिक्षकलाई व्यवस्थापन गर्नुपर्ने छ ।

(ग) आधारभूत तह (कक्षा १-५) सञ्चालनमा रहेको विद्यालयको प्रधानाध्यापकमा प्राथमिक तहको स्थायी शिक्षकलाई वरिष्ठताका आधारमा अवसर दिइनेछ ।

(घ) शिक्षक अभावका कारणले कुनै विद्यालयमा खण्ड (क),(ख) र (ग) बमोजिम प्रधानाध्यापक नियुक्त हुन नसकेमा त्यो भन्दा तल्लो तहमा स्थायी तर सम्बन्धित तहको लागि आवश्यक पर्ने शैक्षिक योग्यता पुगेको शिक्षकलाई प्रधानाध्यापकको कामकाज गर्ने गरी खटाउन बाधा पर्ने छैन । साथै सम्बन्धित तहको स्थायी शिक्षक व्यवस्थापन नभएमा स्थायी शिक्षकलाई राहत वा अनुदान कोटासँग समायोजन गरी स्थायी शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

(२) कुनै प्रधानाध्यापकलाई निजको कार्यरत विद्यालयमा योग्यता नपुगेमा निजको योग्यता मिल्ने समान तहको अन्य विद्यालयमा प्रधानाध्यपकको रूपमा व्यवस्थापन गर्न सकिनेछ। प्रधानाध्यापकको रूपमा व्यवस्थापन गर्न नसकिने भएमा निजको रोजाइको वा घरपायक विद्यालयमा व्यवस्थापन गर्न सकिनेछ।

७. **गाउँपालिका अनुदान शिक्षकको व्यवस्थापनः** गाउँपालिका अनुदान शिक्षकको तहलाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ र विद्यालयहरुले गा.पा. अनुदान कोटामा कार्यरत शिक्षकहरुको प्रत्येक वर्ष करार सम्झौता अनिवार्य रुपमा गर्नुपर्नेछ ।

८. **बाधा नपर्नेः** प्रधानाध्यापकको व्यवस्थापन सम्बन्धमा दफा ६ बमोजिम गरिएको व्यवस्थाले शिक्षा नियमावली, २०५९ को संसोधन सहितको परिच्छेद १७, नियम ९३ मा भएको व्यवस्था बमोजिम प्रधानाध्यापकको छनौट गर्न बाधा पर्ने छैन । साथै दफा ५, ६ र ७ अनुसार प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन गर्दा शिक्षा नियमावली, २०५९ को नियम ९२ को प्रावधानको प्रतिकुल नहुने गरी गर्नुपर्नेछ ।

९. **सहयोग गर्नुपर्नेः** माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको शिक्षक व्यवस्थापनको क्रममा माध्यमिक तथा निम्न माध्यमिक तहको स्थायी शिक्षक जो काजमा

खटाइनेछ निजको सट्टामा समान तहको विषय मिल्ने राहत वा गाउँपालिका अनुदान शिक्षक र शिक्षण सहयोग अनुदान व्यवस्थापन गरिनेछ । यसरी गरिने व्यवस्थापनका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षक महासङ्घ, शिक्षकका पेसागत सङ्घ सङ्गठनहरू लगायतका सरोकारवालाले सहयोग गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## विविध

१०. **कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा समस्या उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

११. **कार्यविधि संसोधनः** यस कार्यविधिका प्रावधानहरूमा आवश्यकताका आधारमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१२. **विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनु पर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनुपर्नेछ । यदि हाजिर नगराएमा र रमाना नदिएमा सो विद्यालयको

दरवन्दी कट्टा गरी दरबन्दी सहित अन्य विद्यालयमा पठाईनेछ।

१३. **प्रधानाध्यापक जिम्मेवार हुने**: यस कार्यविधि बमोजिम दरबन्दी पुनः वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।सो बमोजिमको जिम्मेवारी पुरा नगरेमा प्रचलित कानुन अनुसार हुनेछ।

१४. यस कार्यविधि वमोजिम भएका कार्यहरु प्रचलित कानुन वमोजिम भएको मानिने छ।

आज्ञाले

..................................

प्रमुख प्रशासकीय अधिकृत